नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

**निर्णयहरू:-**

१. नेपाल सरकारद्वारा मिति २०७७ बैशाख २५ गते मध्यरातसम्म लागू हुने गरी जारी गरिएको लकडाउनको आदेश हाललाई मिति २०७७ जेठ ५ गते सोमबार मध्यरातसम्मका लागि नेपालभर लागू हुने गरी निरन्तरता दिइएको हुँदा उक्त अवधिभर लकडाउनलाई मकवानपुर जिल्लामा प्रभावकारीरूपमा कार्यान्वयन गर्ने, गराउने ।

२. स्थानीयस्तरमा हुने आवागमन उपर निगरानी राख्न स्थानीय तहका सबै वडा र बस्तीस्तरमा नागरिकस्तरको प्रभावकारी निगरानी समूह गठन तथा परिचालन गर्न जिल्ला समन्वय समितिले स्थानीय तहहरूलाई पत्राचार गर्ने र सो सम्बन्धमा अनुगमन गरी भए गरेका गतिविधिको विवरण जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराउने ।

३. कोभिड-१९ को संक्रमण फैलिएका जिल्लाहरूबाट मकवानपुर जिल्लामा हरियो तरकारीजन्य सामग्रीहरू ढुवानी गरी नल्याउन सबैमा आह्वान गर्ने ।

४. मकवानपुर जिल्लाभित्रका सबै बैंकहरू दैनिकरूपमा विहान १०:०० बजेदेखि दिनको १:०० बजेसम्म अनिवार्यरूपमा खुला रहने । बैंक बन्द भएको खण्डमा बैंकर्स एसोशिएसन मकवानपुरका अध्यक्ष रमेश प्याकुरेल (९८५१०४२५५७) लाई सम्पर्क गर्न सकिने ।

५. विद्युत महशुल भूक्तानीको लागि विहान ६:०० बजेदेखि १०:०० बजेसम्म काउन्टर खुला रहने र मिटर रिडिङ गर्ने कार्य समेत शुरू गरिएको सम्बन्धमा नेपाल विद्युत प्राधिकरण, मकवानपुरबाट बैठकमा जानकारी गराइयो ।

६. हेटौडा बसपार्क छेउमा रहेको होलसेल तरकारी बजारबाट हुने तरकारी विक्री वितरणलाई थप व्यवस्थित बनाउन हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयले सम्बन्धित सबै पक्षसँग समन्वय गरी आवश्यक पहल गर्ने ।

७. रा.प्र.पा. मकवानपुरले यस जिल्लाको लागि १० थान थर्मल गन र १००० थान मास्क उपलब्ध गराएको सम्बन्धमा बैठकमा जानकारी गराइयो । सो सामग्री उपलब्ध गराएकोमा रा.प्र.पा. मकवानपुरलाई कमाण्ड पोष्टको तर्फबाट हार्दिक धन्यवाद दिइयो ।

८. रोटरी क्लब अफ हेटौडाले तपशीलका सामग्रीहरू उपलब्ध गराएको सम्बन्धमा बैठकमा जानकारी गराइयो । सो सामग्री उपलब्ध गराएकोमा रोटरी क्लब अफ हेटौडालाई कमाण्ड पोष्टको तर्फबाट हार्दिक धन्यवाद दिइयो ।

**निम्न:-**

| क्र.सं. | सामग्री | परिमाण | कैफियत |
|---|---|---|---|
| १. | Mask | 1500 | जिल्ला समन्वय समितिलाई-१००, जिल्ला प्रशासन कार्यालयलाई-१००, औद्योगिक सुरक्षा बललाई-१००, हेटौडा उ.म.न.पा.लाई-२००, जिल्ला प्रहरी कार्यालयलाई-३००, सशस्त्र प्रहरी बललाई-३०० र जिल्ला विपद् व्यवस्थापन समितिलाई-४०० थान उपलब्ध गराएको । |
| २. | PPE | 10 Set | जिल्ला प्रहरी कार्यालयलाई-२ सेट, सशस्त्र प्रहरी बललाई-२ सेट, औद्योगिक सुरक्षा बललाई-२ सेट र जिल्ला विपद् व्यवस्थापन समितिलाई-४ सेट उपलब्ध गराएको । |

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, मकवानपुर

२०७७-०१-२५

भारत र तेस्रो मुलुकबाट चैत्र १ गते पश्चात् मकवानपुर जिल्लामा आएका व्यक्तिहरूको विवरण र जिल्लाको एम्बुलेन्सको अवस्था

| क्र.सं. | स्थानीय तह | हालसम्म विदेशबाट आएकाहरूको संख्या | स्वास्थ्य परीक्षण गरिएको संख्या | स्वास्थ्य अवस्था | RDT (Rapid Diagnosis Test) संख्या २०७७-०१-२५ | हाल सम्म RDT गरिएको जम्मा संख्या | RDT को नतिजा | क्वारेन्टाइनमा | | Isolation मा रहेका संख्या | ICU मा रहेका संख्या | एम्बुलेन्सको संख्या | पार्टिसन गरेको एम्बुलेन्सको संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संस्थागत | होम | | | | |
| १ | हेटौडा उ.म.न.पा. | २५० | २५० | सामान्य | ० | ३५७ | ४ पोजेटिभ | ० | २५० | ० | ० | १२ | १० |
| २ | थाहा न.पा. | ७९ | ७९ | सामान्य | ० | ५५ | सबै निगेटिभ | ० | ७९ | | | ५ | ४ |
| ३ | कैलाश गा.पा. | २० | २० | सामान्य | ० | ३९ | सबै निगेटिभ | ० | २० | | | १ | २ |
| ४ | ईन्द्रसरोवर गा.पा. | १६ | १६ | समान्य | ० | १५ | सबै निगेटिभ | ० | १६ | | | १ | ० |
| ५ | भिमफेदी गा.पा. | ३३ | ३३ | सामान्य | ० | ५१ | १ पोजेटिभ | ० | ३३ | | | १ | ० |
| ६ | मनहरी गा.पा. | ६९ | ६९ | सामान्य | ० | ५२ | सबै निगेटिभ | ० | ६९ | | | ४ | १ |
| ७ | राक्सीराङ गा.पा. | ९ | ९ | सामान्य | ० | ९ | सबै निगेटिभ | ० | ९ | | | १ | १ |
| ८ | मकवानपुरगढी गा.पा. | २५ | २५ | सामान्य | ० | २५ | सबै निगेटिभ | ० | २५ | | | २ | ० |
| ९ | बकैया गा.पा. | १७ | १७ | सामान्य | ० | २३ | सबै निगेटिभ | ० | १७ | | | २ | २ |
| १० | बागमती गा.पा. | ३१ | ३१ | सामान्य | ० | ३८ | सबै निगेटिभ | ० | ३१ | | | ३ | ३ |
| | जम्मा | ५४९ | ५४९ | | ० | ६६४ | | ० | ५४९ | ० | ० | ३२ | २३ |

नोटः- हेटौंडा उप-महानगरपालिका र भिमफेदी गाउँपालिकामा RDT परीक्षणबाट पोजेटिभ आउनेहरूको PCR परीक्षणबाट नेगेटिभ आएको ।

दिपक राज नेपाल

प्रमुख जिल्ला अधिकारी